परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १५० पृष्ठ ४ २०८० कार्तीक २३ गते, बिहिबार 9 Nov., 2023 मूल्य रु. ५/-



समाचार पृष्ठ ३ मा

**एसीसी १९ वर्षमुनिको एसिया कपको खेल तालिका सार्वजनिक**

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## मधेशका मुख्यमन्त्रीले दिए संघीय सरकारलाई वारपार आन्दोलनको चेतावनी




• टक नेपाल

जनकपुरधाम । मधेस प्रदेश सरकारले संघले प्रहरी समायोजन नगरे चरणवद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ । जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार पत्रकार सम्मेलन गर्दै मुख्यमन्त्री सरोजकुमार यादवले बिहिबार प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने र त्यसको ३० दिनभित्र प्रहरी समायोजन नगरे आन्दोलन गर्ने चेतावनी दिएका छन् । मुख्यमन्त्री यादवको नेतृत्वमा विभिन्न दलहरुको टोली काठमाडौं जाँदै छ । मुख्यमन्त्री यादवले संविधान बनेको ८ वर्ष भइसकेको र प्रदेश सरकार गठन भएको समेत ६ वर्ष भइसक्दा पनि प्रदेशको एकल अधिकारको रुपमा रहेको प्रहरी समायोजन नभएको बताए । मुख्यमन्त्री यादवले प्रधानमन्त्रीलाई यसबारे पटकपटक ध्यानाकर्षण गराए पनि सम्बोधन नभएको बताए ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## चिकित्सकको लापरबाहीले एक बिरामीको मृत्यु !

### हस्पिटल बन्द गरी सञ्चालक र चिकित्सक फरार

• टक नेपाल




रौतहट । रौतहटको एक हस्पिटलमा चिकित्सकको लापरबाहीका कारण एक जना महिलाको मृत्यु भएको छ । जिल्लाको गरुडा नगरपालिका-८ विर्तामा सञ्चालित इमरजेन्सी जन सेवा हस्पिटलमा पाठेघर (बच्चादानी) को अप्रेशन गराउन गएकी चन्द्रपुर नगर पालिका-७ बनबौहरिका इब्राहिम सिद्धिकीका ३० वर्षीया श्रीमती नुर्जहान खातुनको अप्रेशन गर्ने क्रममै मृत्यु भएको छ। अप्रेशनमा चिकित्सकले चरम लापरबाही गरेका कारण बिरामी खातुनको मृत्यु भएको मृतकका आफन्तहरुले आरोप लगाएका छन् । एक्कासी पाठेघरमा समस्या आएपछि अप्रेशन गराउन खातुनलाई जन सेवा हस्पिटल ल्याइएको थियो ।

बाँकी पृष्ठ २ मा

## सुरक्षित आप्रवासनलाई थप व्यवस्थित गर्न स्वीट्जरल्यान्ड तयार

• टक नेपाल



काठमाडौं । सुरक्षित आप्रवासनलाई थप व्यवस्थित गर्न स्वीट्जरल्यान्ड सरकार तयार रहेको छ । हाल नेपालमा स्वीट्जर ल्यान्ड सरकारको सहयोगमा सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लगायतका परियोजना सञ्चालित छन् । ती परियोजनालाई थप प्रभावकारी बनाउने विषयमा स्वीट्जरल्यान्ड सरकार तयार भएको हो । नेपालका लागि स्वीट्जरल्यान्डका राजदूत डा. डेनियल मेउली मोन्टेललेने (Danielle Meuwly Monteleone) ले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीसँग भेटवार्तामा यस्तो प्रतिबद्धता जाहेर गरेकी हुन्। श्रम मन्त्रालयमा भएको शिष्टाचार भेटवार्ताको क्रममा नेपाल-स्वीटजरल्याण्डबीचको सम्बन्ध, नेपाली श्रमिक लगायतका विषयमा छलफल भयो । सोही अवसरमा राजदूत मोन्टेललेनेले सुरक्षित आप्रवासनलाई थप व्यवस्थित गर्न तयार रहेको बताएकी हुन् । श्रम मन्त्रालयका सहायक प्रवक्ता तथा उपसचिव डम्बरबहादुर सुनुवारले कुन सेक्टरमा कसरी सहयोग गर्न सकिन्छ भन्ने विषयमा स्वीट्जरल्यान्ड सरकार तयार रहेको बताए । 'राजदूत भर्खर नयाँ आउनुभएको हो । उहाँले शिष्टाचार भेटको क्रममा विभिन्न विषयमा कुरा भयो । सेफर माइग्रेसनलाई कसरी सहकार्य गर्न सकिन्छ भन्ने विषयमा छलफल भयो' उनले भने ।

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरू :

- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

"थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

बर्दिबास नगरपालिका
वडा नं. १ को कार्यालय,
बर्दिबास (महोत्तरी)

UNET
UNITING NETWORKS
High Speed Broadband ! Internet
उज्यालोको साथमा घरघरमा नेट
UNITE NETWORKS Pvt. Ltd.
U-NET तपाईंको नेट
BIG DIWALI OFFER Happy Diwali 70% OFF
अब मात्र १००० रुपैयामा
5G राउटर सहित 100 Mbps नेट
IPTV/ Installation/ Router/ Set-Top Box
365 Day Customer Support.
Head Office : Bardibas-1, Mahottari
Contact : 9801603910/9802960179/9802960180/9801667837
url: www.unet.net.np
email : info@unet.net.np

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# सहयोगी मनको खाँचो

गत शुक्रवार मध्यरातमा आएको विनाशकारी भूकम्पबाट जाजरकोट र रूकुम पश्चिममा ठूलो मानवीय र भौतिक क्षति भएको छ। सयौं घरहरू भत्किएर हजारौं नेपाली विस्थापित हुनुपर्ने दुःखद् अवस्था आएको छ। एकातिर आफन्त गुमाएको पीडा अर्कोतर्फ विस्थापित हुनुपर्दा गाँस, बास र कपासकै समस्याले आक्रान्त छन् त्यहाँका हजारौं नेपाली दाजुभाइ दिदीबहिनीहरू । उनीहरूले अहिले जीवनकै सबैभन्दा ठूलो पीडा भोग्नुपरिरहेको छ । उनीहरूको पीडा हामी सबै नेपालीको साझा पीडा हो। शुक्रबार सबै काम सकेर भोलिको सुन्दर जीवनको कल्पना गर्दै ओच्छ्यानमा गएकाहरुले क्षणभरमै जीवन गुमाउनुपर्ला भनेर सोचेका थिएनन् । तर, हुने हुनामी भएरै छोड्यो । निर्दोष जीवन आफ्नै घरभित्र पुरिन विवश भयो । खुनी भूकम्प रातको समयमा आउँदा धेरैले अकल्पनीय जीवन गुमाउनुपर्‍यो। सिंगो देश एकाएक शोकमा डुब्यो।प्रकृतिको लीला कसले पो टार्न सक्छ र ? त्यसैले अब जाजरकोट र पश्चिम रूकुममा सहानुभूतिका शब्दहरू होइन सहयोगी मन र हातहरूको खाँचो छ। एउटा नेपालीलाई दुख्दा अर्को नेपालीको मन मुटु पनि दुख्नुपर्छ। यो हामी नेपालीको संस्कार हो । यस्तो विपदको बेलामा सबैले सहयोगी र हातेमालोको संस्कार देखाउन सक्नुपर्छ ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"
हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

● टक नेपाल



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक बुधबार पाँच दशमलव १७ अङ्कले घटेर एक हजार आठ सय ६३ दशमलव ९४ को विन्दुमा कायम भएको हो । बुधबार दुई सय ८८ कम्पनीको ३१ लाख ५७ हजार ६२ कित्ता शेयर ३० हजार तीन सय ६४ पटक खरिदबिक्री हुँदा रु ७८ करोड २७ लाख ४३ हजार दुई सय ६४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । बुधबारको कारोबारमा विकास बैंक समूह शून्य दशमलव ३८, होटल तथा पर्यटन समूह शून्य दशमलव ६४, लगानी समूह शून्य दशमलव ४३ र निर्जीवन बीमा समूह शून्य दशमलव २३ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव १६ र अन्य समूह शून्य दशमलव ७३ प्रतिशतले बढेको छ । त्यस्तै, बैंकिङ शून्य दशमलव ३५, वित्त शून्य दशमलव ३३, जलविद्युत् शून्य दशमलव ६५, जीवन बीमा शून्य दशमलव ५१ र लघुवित्त समूह शून्य दशमलव २४ प्रतिशतले बढेको छ । बुधबारको कारोबारबाट सबै भन्दा धेरै ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव ०७ प्रतिशतले बढेको छ भने सबै भन्दा धेरै घट्नेमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ३८ प्रतिशतले घटेको छ । कारोबार रकममा आधार मा बुधबार सबैभन्दा धेरै सो नापुर सिमेन्टको रु पाँच करोड ६१ लाख ४१ हजार नौ सय ८४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन बैंक प्रमोटर शेयर चार लाख २० हजार तीन सय चार कित्ता कारोबार भएको छ ।

# चिकित्सकको लापरबाहीले एक बिरामीको...

मृतक महिलाका श्रीमान इब्राहिम सिद्धिकीका अनुसार खातुनलाई सोमबार राति ८ बजेको समयमा चिकित्सकले अप्रेशन गर्न लगेका थिए । तर अप्रेशनमा चिकित्सकले चरम लापरबाही गरेका कारण श्रीमतीको मृत्यु भएको उनले आरोप लगाए । खातुनको राति २ बजे नै मृत्यु भइसकेको भए पनि चिकित्सकले बिरामीलाई यहाँ ठिक हुँदै न आइसीयूमा राख्नुपर्छ भनी करिब ३ बजेको समयमा वीरगञ्जको मेट्रोसिटी हस्पिटलको लागि रेफर गरेको उनले बताए । श्रीमतीको जन सेवा हस्पिटलमा नै मृत्यु भइसकेको कुरा हस्पिटलका चिकित्सकलाई राम्ररी थाहा भएको बताउँदै मृतकका श्रीमान सिद्धिकीले खातुनको मृत्यु भएको कुरा लुकाउन उनीहरुले अन्यत्र रेफरको बहाना गरेको उनले आरोप लगाएका छन् । खातुनलाई वीरगञ्जको मेट्रोसिटी हस्पिटल लग्ने बित्तिकै चिकित्सकले मृत घोषणा गरेका थिए । अप्रेशन गर्न योग्य नै नरहेको चिकित्सकले जबर्जस्ती अप्रेशन गर्न खोज्दा खातुनको मृत्यु भएको उनको आरोप छ। उपचारमा संलग्न चिकित्सकको सर्टिफिकेट, एनएमसी नम्बर इत्यादि कागजात चेकजाँच गर्नुपर्ने र अप्रेशन गर्न अनुमति प्राप्त नगरेको ठहर भए हदैसम्मको कारबाही गर्नुपर्ने पीडित पक्षको माग छ। उपचारमा चिकित्सकले सावधानी नअपनाएको र गम्भीर लापरबाही गर्दा बिरामीको मृत्यु भएको भन्दै मृतकका आफन्तले मंगलबार बिहान जन सेवा हस्पिटल घेराउ गरी विरोध प्रदर्शन गरेका छन् । दोषी चिकित्सक र हस्पिटल सञ्चालकलाई पक्राउ गरी उनीहरुमाथि ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दा दर्ता गर्नुपर्ने, उचित क्षतिपूर्ति दिनुपर्नेलगायतका माग गर्दै मृतकका आफन्तहरुले शव राखेर मंगलबार बिहान हस्पिटल अगाडि प्रदर्शन गरेका थिए । प्रहरीले दोषी हस्पिटल सञ्चालक र चिकित्सकलाई कानुनी कारबाही गर्ने सहमति जनाएपछि पीडित परिवारले शव उठाएका थिए । यता बिरामी खातुनको मृत्यु भएपछि इमरजेन्सी जन सेवा हस्पिटलका सञ्चालक जिंगडियाका राजेन्द्र महतो र चिकित्सकहरुले मंगलबार बिहानदेखि हस्पिटल बन्द गरेर फरार भएका छन् । फरार भएका सञ्चालक महतो र चिकित्सकको खोजी कार्य भइरहेको तथा घटना सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख एवं प्रहरी नायव उपरीक्षक (डिएसपी) ओम प्रकाश खनालले जानकारी दिए ।

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रो सेवाहरु

२४ सै घण्टा इमरजेन्सी सेवा
२४ सै घण्टा मिडियो एक्स-रे सेवा
२४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
२४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
हाड जोनी तथा नशा रोग सेवा
कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
HDU, ICU, NICU सेवा
२४ सै घण्टा डिलेभरी सेवा
२४ सै घण्टा अपरेशन सेवा
२४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
छाती, मुटु तथा पेट रोग विशेषज्ञ
पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | परिस्थितिवश चिताएको काममा अलमल हुनेछ। | तुला | नयाँ जिम्मेवारी प्राप्त हुनुका साथै काममा ठूलै फड्को मार्न सकिनेछ। |
| बृष | परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। | वृश्चिक | विभिन्न अवसर प्राप्त भए पनि पहिलेको हरहिसाब नमिल्नाले समस्या पर्ला। |
| मिथुन | जिम्मेवारी प्राप्त भए पनि फाइदा उठाउन केही संघर्ष गर्नुपर्ला। | धनु | चुनौतीपूर्ण कामको दायित्व लिनाले धेरै परिश्रम गर्नुपर्ला। |
| कर्कट | आवेशको निर्णयले समस्या निम्त्याउन सक्छ। | मकर | पहिलेका समस्या दोहोरिनाले उत्साहमा कमी आउला। |
| सिंह | लाभ उठाउन धेरै मिहिनेत गर्नुपरे पनि चिताएको काम सम्पादन हुनेछ। | कुम्भ | परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। |
| कन्या | खर्च बढ्नुका साथै अर्थअभाव खट्किनाले बनिसकेको काम दोहोर्‍याउनुपर्ला। | मीन | रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनमा २५ राष्ट्रका चिकित्सक सहभागी हुने




• टक नेपाल

जनकपुरधाम। विश्व स्वास्थ्यका लागि आयुर्वेद भन्ने मूल नाराका साथ विभिन्न राष्ट्का आयुर्वेद विज्ञ तथा चिकित्सकहरूको बृहत् भेला बुधबारदेखि जनकपुरधाममा सुरु हुँदैछ। ब्रह्मभूमि रिसर्च सेन्टर नेपाल, नेपाल आरोग्य सङ्गठन तथा ब्रह्मभूमि आयुर्वेद विज्ञान अनुसन्धान संस्थानको संयुक्त आयोजनामा मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा बुधबारदेखि सुरु हुने तीन दिवसीय अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनमा विश्वका विभिन्न राष्ट्का चिकित्सा विज्ञानका अनुसन्धानकर्ता, चिकित्सक तथा विज्ञहरूको बृहत् भेला हुन लागेको हो। जसमा भारत, बङ्गलादेश, मोरिसस, भुटान, ऐया, जापानलगायत विभिन्न राष्ट्का आयुर्वेदका अनुसन्धानकर्ता, विज्ञ तथा चिकित्सकहरू रहेका छन्। कात्तिक २२ देखि २४ गतेसम्म सञ्चालन हुने अन्तर्राष्ट्रिय सम्मेलनको मुख्य उद्देश्य आयुर्वेद पद्धतिलाई विश्वव्यापी रूपमा फैलाउनुका साथै आयुर्वेद शिक्षामा पढाइने नीतिलाई उजागर गर्ने उद्देश्यका साथ विश्वका विभिन्न राष्ट्का आयुर्वेद चिकित्सा क्षेत्रका विज्ञ, तथा अनुसन्धानकर्ताहरूलाई सम्मेलनमा सहभागी गराउन खोजिएको आयोजकले जनाएको छ। तीन दिवसीय आयुर्वेद सम्मेलनको पहिलो दिन उद्घाटन, वैज्ञानिक सत्र र आयुर्वेद कार्यशाला आयोजना गरिएको छ भने दोस्रो दिन अन्तर्राष्ट्रिय युवा सम्मेलन, आयुर्वेदमा आर्थिक विकास तथा दिगो स्वास्थ्य बारे छलफल कार्यक्रमको आयोजना गरिएको आयोजनकले जनाएको छ। यस्तै अन्तिम दिन कात्तिक २४ गते वैज्ञानिक सत्रसँगै आयुर्वेदका चिकित्सकहरूलाई सम्मान गरी सम्मेलन समापन गर्ने कार्यक्रममा रहेको आयोजकले जनाएको छ। आयुर्वेद चिकित्सा विज्ञानमा आयुर्वेदको ठुलो महत्त्व रहेको तर, समयसँगै मानवताजीले आयुर्वेदको गुणलाई बिर्सिँदै गएका कारण विभिन्न राष्ट्का आयुर्वेदका अनुसन्धानकर्ता, चिकित्सक तथा विज्ञहरूलाई सहभागी गराई सम्मेलन हुन लागेको आयोजक समितिका अध्यक्ष डा. राकेशकुमार सिंहले बताउनुभयो। सम्मेलनमा आयुर्वेदको वर्तमान अवस्था, भावी रणनीति, नेपालको जडीबुटीसहितका विषयमा छलफल र आयुर्वेदको सम्भाव्यताका विषयमा बृहत् छलफल तथा परामर्शका लागि समेत गरिने सम्मेलनको आयोजना गरिएको समितिका अध्यक्ष डा. राकेशकुमार सिंहले जानकारी दिनुभयो। साथै मिथिला संस्कृति प्रवर्द्धनका लागि सम्मेलन अवधिभर प्रत्येक दिन साँझ मिथिला सांस्कृतिक कार्यक्रमको आयोजना समेत गरिने जानकारी सिंहले दिनुभयो।

# एसीसी १९ वर्षमुनिको एसिया कपको खेल तालिका सार्वजनिक

• टक नेपाल

काठमाडौं। एसीसी १९ वर्षमुनिको एसिया कपको खेल तालिका सार्वजनिक भएको छ। एसियन क्रिकेट काउन्सिल (एसीसी) ले बुधबार १९ वर्षमुनिको एसिया कपको तालिका सार्वजनिक गरेको हो। नेपाल समूह 'ए' मा परेको छ। यो समूहमा नेपालसहित भारत, पाकिस्तान र अफगानिस्तान रहेका छन्। नेपालले पहिलो खेलमा पाकिस्तानसँग डिसेम्बर ८ मा खेल्नेछ। यस्तै नेपालले दोस्रो खेलमा अफगानिस्तानसँग डिसेम्बर १० मा खेल्नेछ। नेपालले समूह चरणको अन्तिम खेलमा भारतसँग डिसेम्बर १२ मा खेल्नेछ। यसअघि मलेसियामा भएको एसीसी १९ वर्षमुनिको प्रिमियर कप क्रिकेट कपको उपाधि जित्दै नेपालले एसिया कपमा स्थान बनाएको थियो। यस्तै यूएई उपविजेता र जापाना तेस्रो स्थानमा रहँदै एसिया कपमा पुगेका हुन्। नेपालले सन् २०२४ को जनवरीमा श्रीलङ्कामा १९ वर्षमुनिको विश्वकप खेल्दैछ। त्यसकै तयारीका लागि नेपालले एसिया कप खेल्न लागेको हो।




## बर्दिबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी (मधेश प्रदेश), नेपाल

### एम्बुलेन्स खरिद सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२३ गते)

यस नगरपालिका अन्तर्गत खयरमारा स्वास्थ्य चौकी, वडा नं ११ बर्दिवासका लागि आवश्यक १ (एक) थान एम्बुलेन्स सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित सहित) को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित सहित) को नियम ३१ (ख) बमोजिम एम्बुलेन्स उत्पादक (Manufacturer) कम्पनी वा सोको आधिकारिक विक्रेता (Importer) हरु वीच प्रतिस्पर्धा गराई क्याटलग सपिङ्ग (Catalogue Shopping) विधिवाट खरिद गर्नुपर्ने भएको ले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) को उपनियम (२) अनुसार संलग्न स्पेसिफिकेसन अनुसारको एम्बुलेन्स विक्री गर्न चाहने उत्पादक (Manufacturer) वा आधिकारिक विक्रेता (Importer) हरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित कार्यलय समय भित्र प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। विस्तृत स्पेसिफिकेशन यस कार्यलयको website : www.bardibasmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**प्रस्तावकर्ताले पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नविकरण गरिएको फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी।
२. मुल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपी।
३. आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
४. खरिद सम्बन्धि कारवाहीमा नपरेको स्व : घोषणापत्र।
५. Technical Specification प्रमाणित गर्ने रंगिन ब्रोसर (Catalogue)।
६. आफ्नो मालसामानको बजार मुल्य प्रमाणित गर्ने कागजात (पत्रिकामा प्रकाशित भएको वा कम्पनिको लेटर प्याडमा आधिकारिक व्यक्तीले सहिछाप गरी प्रमाणित गरेको कागजात)।
७. Warranty वा Guarantee सम्बन्धित कागजातहरु।
८. यस कार्यलयलाई सम्बोधन गरी लेखिएको सम्बन्धित उत्पादकले प्रदान गरेको Manufacturers Authorization letter।
९. कार्यलयबाट जारी भएको Technical Specification भरी पेश गर्नुपर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत

## सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)



हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल फिजिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ। प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस्।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# अफताब आलमविरुद्धको मुद्दामा बहस नोट पेस गर्न अदालतको आदेश

● टक नेपाल

रौतहट । रौतहटको राजपुर फरदहवामा १६ वर्षअघि भएको बम बिस्फोट घटनाका आरोपित कांग्रेस नेता मोहम्मद आफताब आलामविरुद्धको मुद्दामा बुधबार जिल्ला अदालत गौरले बहस नोट माग्ने आदेश गरेको छ । पटक-पटक पेसी सर्दै आएको मुद्दाको फैसला हुने अनुमान गरिए तापनि १५ दिनभित्र लिखित बहस नोट पेस गर्न आदेश भएको हो । जिल्ला न्यायाधीश बाबुकाजी बानियाँको एकल इजलासले मुद्दाको गम्भिरतालाई मध्यनजर गर्दै वादी नेपाल सरकारको तर्फबाट जिल्ला सरकारी वकिलको कार्यालय जाहेर वाला कानुन व्यवसायी तथा प्रतिवादीहरूको तर्फबाट कानुन व्यवसायीलाई लिखित बहस नोट पेस गर्न भनी १५ दिनको समय दिई लिखित बहस नोट पेस गर्ने आदेश भएको अदालतका श्रेस्तेदार उपसचिव उद्धव ढोडारीले जानकारी दिए। नेपाल सरकारले मुद्दा नचलाउने निर्णय गर्नुअघि वादी नेपाल सरकारले गरेको अनुसन्धानको क्रममा बुझिएको साक्षीको भनाइ व्यहोरा र नेपाल सरकारले मुद्दा नचलाउने गरेको निर्णय सर्वोच्च अदालतबाट बदर हुने



गरी भएको आदेश पछिको अनुसन्धानका क्रममा बुझिएको साक्षीको मौकाको र अदालतको बकपत्र तथा प्रतिवादीको साक्षीले अदतलता गरेको बकपत्रको समेतको संक्षिप्त व्यहोरासहित प्रस्तुत मुद्दा तुलनात्मक टिपोर्ट तयार गरी उक्त मुद्दा २ वर्षभन्दा पुराना भएकोले प्राथमिकताका साथ पेसी तोकी कानुनबमोजिम गर्न भनी आदेश भएको श्रेस्तेदार ढोडारीले बताए । पहिलो संविधानसभा निर्वाचनको अघिल्लो दिन २०६४ चैत २७ गते साँझ राजपुर फरदहवास्थित पूर्वमन्त्री शेख ईद्रिसको गोठमा भएको बम विस्फोटमा घाइते भएकालाई जिउँदै इँटाभट्टामा जलाएको आरोपमा तत्काल प्रमाणको आधारमा कांग्रेस नेता आलमलाई २०७६ कात्तिक २९ गते रौतहट जिल्ला अदातलले पुर्पक्षका लागि थुनामा राख्न आदेश गरेको थियो । त्यसपछि सुरक्षा खतराका कारण आलमलाई नख्खु जेल काठमाडौं पठाइएको थियो । जिल्ला सरकारी वकिलको कार्यालयले आलमलाई ३२ वर्ष कैद सजाय माग दाबीसहित कर्तव्यज्यान, ज्यानमार्ने उद्योग र बिस्फोटक पदार्थ भण्डारणसम्बन्धी तीनवटा कसुरमा २०७६ कात्तिक १९ गते ३९ पृष्ठ लामो अभियोगपत्र जिल्ला अदालत गौरमा दर्ता गरेको थियो। आलम २०७६ असोजमा पक्राउ परेका थिए । यमुनामाई गाउँपालिका-४ का त्रिलोकप्रताप सिंहलाई जिउँदै चिम्नीमा हालेर मारिएको भन्दै बाबु श्रीनारायण सिंह र अर्का मृतक ओसी अख्तरका आमा रोक्साना खातुनले आलमविरुद्ध कर्तव्य ज्यान मुद्दामा किटानी जाहेरी दिएका थिए । आलम हाल ललितपुरको नख्खु कारागारमा छन् । अर्का आरोपी आलमका भाइ महताब आलम गौर जेलमा छन् ।

# सर्लाही धन्कौलका वडाध्यक्ष कारागार चलान

● टक नेपाल

सर्लाही। धनकौल गाउँपालिकाका एक वडाध्यक्ष पुर्पक्षका लागि कारागार चलान भएका छन् । जिल्ला अदालत सर्लाहीका न्यायाधीश सूर्यबहादुर थापाको इजलासले ज्यान मार्ने उद्योगमा धनकौल गाउँपालिका-५ का वडाध्यक्ष गजेन्द्र महतोलाई पुर्पक्षमा कारागार चलान गर्न आदेश दिएको हो । केही महिनाअघि केही मानिस घाइते हुने गरी गाउँमै भएको कुटपिटको घटनामा महतो समेत संलग्न रहेको भनी जिल्ला प्रहरी कार्यालयमा कर्तव्यज्यान उद्योगमा मुद्दा दायर भएको थियो । मुद्दा दायर भएदेखि फरार रहेका महतो मङ्गलबार आफै अदालतमा उपस्थित भएका थिए । न्यायाधीश थापाको



इजलासले मुद्दाको अन्तिम फैसला नआउन्जेल वडाध्यक्ष महतोलाई पुर्पक्षमा कारागार पठाउने आदेश गरेको सर्लाही जिल्ला अदालतका श्रेस्तेदार सदन अधिकारीले जानकारी दिए। महतो स्थानीय तह निर्वाचन-२०७९ मा नेकपा माओवादी केन्द्रबाट वडाध्यक्षमा निर्वाचित भएका थिए । अदालतको आदेश अनुसार महतोलाई गौर कारागार, रौतहट चलान गर्ने तयारी गरिएको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपेन्द्र पञ्जियार थारुले बताए । यस मुद्दामा अन्य केही व्यक्तिलाई समेत प्रतिवादी बनाएर मुद्दा दायर भएको छ। ती व्यक्तिहरू फरार रहेका र तीनको खोजी जारी रहेको डिएसपी थारुले जनाए ।

# सर्वोच्चका न्यायाधीशहरूले भूकम्पपीडितलाई ७ दिनको तलब दिने

● टक नेपाल

काठमाण्डौं । सर्वोच्च अदालतलका न्यायाधीशहरूले जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितहरूलाई ७ दिनको तलब दिने भएका छन् । सर्वोच्च अदालतको पूर्ण बैठकले बुधबार यस्तो निर्णय गरेको हो । सर्वोच्चका सहप्रवक्ता गोविन्दप्रसाद घिमिरेले विज्ञप्ति जारी गर्दै प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसहित न्यायाधीशहरूल भूकम्पपीडितलाई सात दिनको तलब सहयोग गर्ने निर्णय भएको बताए । बैठकले उच्च अदालतका न्यायाधीशले ५ दिन र जिल्लाका न्यायाधीशले ३ दिनको तलब भूकम्पपीडितलाई उपलब्ध गराउने निर्णय गरेको छ। अदालतका विशिष्ठ श्रेणीका कर्मचारीको ३ दिन, अधिकृतको २ दिन र अन्य कर्मचारीको १ दिनको तलब दिने निर्णय भएको घिमिरेले बताए । तीनै तहका न्यायाधीशहरूबाट करिब ३८ लाख र कर्मचारीबाट करिब १ करोड १२ लाखसहित करिब डेढ करोड सहयोग उपलब्ध गराउने निर्णय भएको घिमिरेले बताए ।

प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !






जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

“समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।”

LIVER FUNCTION TEST – Rs. 2800/-
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

WHOLE BODY CHECKUP – Rs. 6000/-
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

CARDIAC PROFILE – Rs. 5000/-
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

DIABETS PACKAGE – Rs. 4800/-
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

“गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता”
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com